NEWS

THE CARTER CENTER

ONE COPENHILL, ATLANTA, GA 30307

**कार्टर सेन्टरका पर्यवेक्षकहरूले उप-निर्वाचनको दिन निर्वाचनसम्बन्धी गतिविधि आमरुपले शान्तिपूर्ण रहेको र केही क्षेत्रमा सुधारको आवश्यकता रहेको पाए**

**नेपालको संविधानसभा उप-निर्वाचनका सम्बन्धमा**
**कार्टर सेन्टरद्वारा जारी विज्ञप्ति**

अप्रिल १३, २००९
शीघ्र प्रकाशनका लागि

सम्पर्क :
**एटलान्टामा : डेबोरा ह्याक्स, +१ ४०४ ४२० ५१२४**
**काठमाण्डूमा : सेराह लेभिट सोर, + ९७७ १ ४४४ ५०५५/१४४६**

**परिदृश्य**

द कार्टर सेन्टर आम रुपले शान्तिपूर्ण र व्यवस्थित रुपले उप-निर्वाचन प्रक्रिया सम्पन्न गरेकोमा नेपाली जनता, निर्वाचन आयोग र राजनीतिक पार्टीहरूलाई बधाई ज्ञापन गर्दछ । नेपालको निर्वाचन आयोगको निमन्त्रणा स्वीकार्दै कार्टर सेन्टरले नेपालको अप्रिल १०, २००९ को संविधानसभा उप-निर्वाचनको सीमित अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण मिसन सञ्चालन गर्न अप्रिल ९–११ सम्म मोरङ, धनुषा, कास्की र कञ्चनपुरमा अल्पकालीन पर्यवेक्षकहरूका चार वटा टोली परिचालन गऱ्यो । निर्वाचनका दिन कार्टर सेन्टरका टोलीले छमध्ये पाँच वटा निर्वाचन क्षेत्रका ४६ मतदान केन्द्रहरू पर्यवेक्षण गरे, र अन्य अन्तर्राष्ट्रिय र राष्ट्रिय पर्यवेक्षक समूहहरूसँग निकट रुपले सहकार्य गरे ।

सानो आकार र सीमित दायरामा यसको उपस्थिति भएका कारण कार्टर सेन्टरका क्रियाकलापहरूले एउटा पूर्ण पर्यवेक्षण मिसन निर्माण गरेका छैनन् । बरु, मिसन टोली परिचालन भएका क्षेत्रमा केही सीमित सवालहरूको मूल्यांकनमा केन्द्रित भएको थियो, जसमध्ये : निर्वाचनको दिनको वातावरण≤ विद्युतीय मतदान मेसिनको प्रयोग, (यस्तो मेसिनप्रति आम जनताको विश्वसनीयता, प्रयोगको सरलता, प्रक्रियाका सम्बन्धमा मतदाताको ज्ञान र प्राविधिक समस्यासमेत)≤ अनिवार्य मतदाता पहिचानका लागि नागरिकता प्रमाणपत्रको प्रयोग≤ निर्वाचनसम्बन्धी अनियमितताहरू≤ र मतगणना प्रक्रिया थिए । कार्टर सेन्टर निर्वाचनको समग्र प्रक्रियाको आम मूल्यांकन प्रकाशित गर्न वा निष्कर्ष निकाल्न सक्दैन किनभने सेन्टरको मिसनले निर्वाचन-पूर्वको वातावरण≤ निर्वाचन प्रचारप्रसार अभियान≤ आचार संहिताको

उल्लंघन≤ मतदाता शिक्षा र सचेतता≤ र विद्युतीय मतदान मेसिनको परीक्षण, तथ्यांक भण्डारण, जिम्मेवारीको क्रम आदिको पर्यवेक्षण गरेन ।

**सीमित अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण मिसनका मुख्य खोजहरू**

- समग्रमा, बहुसंख्यक नेपाली मतदाताहरू अप्रिल १० को शान्तिपूर्ण उप-निर्वाचनमा सहभागी भए जसमा तिनीहरूले तिनका लोकतान्त्रिक अधिकारहरू स्वतन्त्र रुपले अभ्यास गरेका थिए ।
- पर्यवेक्षकहरूका प्रतिवेदनले अधिकांशतया निर्वाचन राम्ररी सम्पन्न गराइएको र निर्वाचन कर्मचारीहरूले सामान्यतया तिनका कर्तव्य यथोचित रुपले पालना गरेको सूचित गर्छ । यसका अतिरिक्त, पर्यवेक्षण गरिएका सबै मतदान केन्द्रमा प्रहरीको उल्लेख्य उपस्थिति थियो र प्रहरीले आवश्यक परेका बखतमा सक्रिय रुपले सुरक्षाको प्रबन्ध गरेको थियो ।
- विद्युतीय मतदान मेसिनको प्रयोग व्यापक रुपले सफल भयो तर केही निर्वाचन क्षेत्रहरूमा प्राविधिक समस्याहरू सामना गर्नुपऱ्यो, खासगरी कास्की र धनुषामा यस्ता घटना अधिक भए । यस्ता घटना अधिकतर ब्याट्रीसम्बन्धी थिए र यसको समाधान स्थानीय स्तरमै ब्याक-अप ब्याट्रीको व्यवस्था गरेर गर्न सकिन्थ्यो । समग्रमा, मतदाताहरूले मदतान गर्ने तरिका प्रस्ट भएको पाएका थिए र विद्युतीय मतदान मेसिनप्रति विश्वस्त थिए । न्यून मतदान केन्द्रहरूमा मात्रै मतदाताहरूले कसरी मतदान गर्ने होला भनेर बुझ्न कठिनाइ भएको पाइएको थियो । आमरुपमा, मतदाताहरू निर्वाचन आयोगले उपलब्ध गराएको मतदाता शिक्षामा सन्तुष्ट थिए ।
- मतदाताको पहिचानका लागि नागरिकता प्रमाणपत्र अनिवार्य गराइनु अप्रिल १०, २००८ को मतदाता पहिचान प्रक्रियामा एउटा उल्लेख्य सुधार थियो, र पर्यवेक्षण गरिएका सबै मतदान केन्द्रमा मतदान कर्मचारीद्वारा यो नियम कडाइका साथ लागू गरिएको थियो । कार्टर सेन्टरका पर्यवेक्षकहरूले निकै न्यून परिस्थितिहरूमा मात्रै योग्य मतदाताहरू पहिचानको अभावमा संभाव्य रुपले फर्काइएका पाए । यद्यपि, नागरिकता प्रमाणपत्रमा भएको र मतदाता सूचीमा भएको नाममा भिन्नताले गर्दा केही समस्या पैदा गऱ्यो र समग्र मतदान प्रक्रियालाई ढिलो बनायो । यसका अतिरिक्त, यी समस्याहरू सीमित संख्यामा भए पनि यसले मतदाताहरूबीच फरक-फरक चासोहरू उत्पन्न गरायो ।
- प्रत्यक्ष पर्यवेक्षण गरिएका निर्वाचनसम्बन्धी अनियमितताका प्रतिवेदनहरू धनुषाबाट मात्रै आए, र ती अनियमितताहरू पनि निकै सीमित संख्यामा थिए । कार्टर सेन्टरको पर्यवेक्षण टोलीले धनुषा ५ को मिथिलेश्वर मुआही मतदान केन्द्रमा पर्यवेक्षण गर्दा अन्तर्पार्टी झडप, बहुमतदान, उमेर नपुगेकाद्वारा मतदान र निकै कम मतदान केन्द्रमा अनावश्यक रुपले सहयोगी मतदानजस्ता निर्वाचनसम्बन्धी अनियमितताहरू भएको उल्लेख गरे । यद्यपि, यी छिटपुट घटनाका रुपमा देखिएका र आम अभ्यासको हिस्सा भएका भएपनि, निर्वाचन आयोगले सबै उजुरीहरू यथोचित रुपले सम्बोधित हुने सुनिश्चित गर्न हेक्का राख्नुपर्छ र निर्वाचन अधिकृतको सिफारिसमा मात्रै पूरै भर पर्नु हुँदैन ।
- कैयौँ ठाउँहरूमा राजनीतिक पार्टीहरू निर्वाचनको दिनभरि राम्रो सम्बन्ध कायम राख्दै आवश्यक परेका बेला सर्वसम्मति कायम गर्न, द्वन्द्व समाधान गर्न, र तनाव हटाउन सर्वदलीय बैठक आयोजनालगायत कार्यमा सँगसँगै जुटिरहे ।
- मतगणना प्रक्रिया सहज रुपले अगाडि बढ्यो, यद्यपि यो समस्यारहित भने थिएन, खासगरी गणना प्रक्रिया सम्बन्धी निर्देशन दिइँदा विशिष्ट ढंगले दिइनुपर्थ्यो । हरेक निर्वाचन क्षेत्रमा मत

गणनामा केहि फरक पद्धति अपनाइएको थियो, केही अवस्थामा यी पद्धति अप्रभावकारी भएका थिए र जसले गर्दा मतगणना प्रक्रियालाई अनावश्यक रुपले ढिलाइ गराएको थियो ।

निर्वाचनसम्बन्धी अन्य गौण सवालहरू : मोरङका कैयौं मतदान केन्द्रमा मसी सुक्नु (जुन स्थानीय स्तरमा थप मसी भएको कलमको व्यवस्था गरेर समाधान गर्न सकिन्थ्यो), कास्कीका कैयौं मतदान केन्द्रहरूमा मतदान बुथको गोप्यता कायम राख्नमा असफलता, (जुन बुथ वरिपरि यथोचित छेकबार, पर्दा आदि लगाएर गर्न सकिन्थ्यो) र मतदाताहरूलाई लामो समय चर्को घाममा उभिनुपर्ने मतदान केन्द्र परिसरको अव्यवस्था (जुन मतदान केन्द्रमा सानो पालको व्यवस्था गरेर समाधान गर्न सकिन्थ्यो) । निर्वाचन कर्मचारीहरूको राम्ररी चिनिने र सबैको फोटो सहितको तथा पदअनुसारको परिचयपत्र भएको भए मतदाताहरू पनि यसबाट लाभान्वित हुन सक्नेथिए । अन्ततः, अप्रिल १०, २००८ को निर्वाचनजस्तै मतदान केन्द्रबाहिर रहेका पार्टीका स्वयंसेवकहरूको निर्वाचन प्रक्रियामा यथोचितभन्दा बढी संलग्नता रह्यो, खासगरी मतदान केन्द्रमा जान लागेका मतदाताहरूसँग सबभन्दा पहिला अन्तर्क्रिया गर्ने उनीहरू नै हुन्थे । यसले गर्दा तिनीहरूले - चाहेर वा नचाहेर - योग्य मतदाताहरूलाई निर्वाचन आयोगको जानकारीबेगर फर्काउन सक्थे ।

## पृष्ठभूमि

द कार्टर सेन्टरको सानो आकारको उप-निर्वाचन मूल्यांकन मिसन सेन्टरको समग्र संविधानसभा निर्वाचन प्रक्रियाको दीर्घकालीन पर्यवेक्षणको निरन्तरता हो । कार्टर सेन्टर आरम्भमा निर्वाचन आयोग, नेपाली काँग्रेस, नेकपा-एमाले र नेकपा-माओवादीद्वारा संविधानसभा निर्वाचन प्रक्रिया अवलोकन गर्न निमन्त्रित थियो र सबै मुख्य राजनीतिक पार्टीले सेन्टरको आगमनलाई स्वागत गरेका थिए । सेन्टरले १३ जना दीर्घकालीन अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूलाई मार्च २००७ देखि मे २००८ सम्म परिचालन गऱ्यो र निर्वाचन प्रक्रियाभरि, खासगरी, निर्वाचन सम्बन्धी तयारीहरू, कमजोर सुरक्षास्थिति, र सीमान्तीकृत समूहहरूको समावेशितासम्बन्धमा कैयौं विज्ञप्तिहरू सार्वजनिक गऱ्यो । त्यसपछि सेन्टरले संविधानसभा निर्वाचनका लागि ६० भन्दा बढी अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूको अल्पकालीन पर्यवेक्षण प्रतिनिधिमण्डल परिचालन गऱ्यो जसको सह-नेतृत्व कार्टर सेन्टरका संस्थापक र अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टर, पूर्व प्रथम महिला रोजलिन कार्टर र थाइल्याण्डका पूर्व उप-प्रधानमन्त्री डा. सुराकिरात साथीरथाईले गरेका थिए ।

समग्रमा, अप्रिल १०, २००८ भन्दा अघि संविधानसभा निर्वाचनमा सशक्त प्रचारप्रसार भएको थियो तर बारम्बार भइरहने हिंसाका घटना, आवतजावतको सीमित स्वतन्त्रताका घटनाहरु र आचार संहिताको उल्लंघनका घटनाहरू निर्वाचनको ठीक अघिका साताहरूमा बढेका थिए । यद्यपि, अप्रिल १०, २००८ मा परिस्थिति हिंसा र निर्वाचनसम्बन्धी अनियमितताका केही छिटपुट घटनाबाहेक आम रुपले शान्त, व्यवस्थित र उत्सवमय रह्यो । निर्वाचनलगत्तै नेपालका जनता र सम्पूर्ण मुख्य राजनीतिक पार्टीले निर्वाचन परिणामलाई स्वीकार गरे ।

निर्वाचन प्रक्रियासम्बन्धी अन्तिम प्रतिवेदनमा द कार्टर सेन्टरले निम्नोल्लिखित दश वटा मुख्य सुझाव र सिफारिसहरू प्रकाशित गरेको थियो ।

- बढी समावेशी र सही मतदाता सूची निर्माण गर्नुहोस्;

- मतदाताको पहिचान मतदाता परिचय पत्र मार्फत खुल्नुपर्ने प्रावधान अनिवार्य राख्नुहोस् र मतदाताको परिचय खुलाउने प्रक्रियामा पार्टीका स्वयंसेवकहरूको संलग्नता अन्त्य गर्नुहोस्;
- सुरक्षा स्थिति सुधार गर्नुहोस्, विधिको शासन र आवतजावतको स्वतन्त्रता कायम गर्नुहोस्;
- स्थानीय निर्वाचन कर्मचारीको क्षमता बढाउनुहोस् र सीमान्तीकृत समूहहरूको समावेशिता सुनिश्चित गर्नुहोस्;
- उजुरी र अपिल प्रक्रियालाई सबलीकरण गर्नुहोस् र आचार संहिता लागू गर्नुहोस्;
- निर्वाचनसम्बन्धी कानुनी प्रारुपलाई सरलीकृत गर्नुहोस्, निर्वाचनपछि उमेदवारको छनोट गरिने प्रणालीलाई हटाउनुहोस् र मतगणना प्रक्रियालाई सबलीकृत गर्नुहोस्;
- राजनीतिक पार्टीहरूको मतदातासम्मको सारपूर्ण पहुँचलाई बढाउनुहोस् र आन्तरिक पार्टी लोकतन्त्र, विकेन्द्रीकरण र समावेशितालाई सुधार गर्नुहोस्;
- निर्वाचन आयोगको बृहत्तर सुपरिवेक्षणमा मतदाता र नागरिक शिक्षाका प्रयत्नहरूलाई विस्तार गर्नुहोस्;
- राष्ट्रिय पर्यवेक्षकलाई बढी प्रशिक्षित गर्नुहोस्;
- शान्ति प्रक्रियाका क्रममा गरिएका पूर्व प्रतिबद्धताहरूलाई लागू गर्नुहोस् र साँच्चिकै समावेशी राजनीतिक सहभागिता सुनिश्चित गर्नुहोस् ।

**निर्वाचन प्रक्रियामा परिवर्तनहरू**

द कार्टर सेन्टर निर्वाचन आयोगले अप्रिल १०, २००८ को संविधानसभाको निर्वाचनपछि अन्तर्राष्ट्रिय र राष्ट्रिय पर्यवेक्षण संस्थाबाट प्राप्त सुझावमध्ये केहीलाई ध्यानमा राख्दै कैयौं नयाँ पद्धतिहरू लागू गरेकोमा खुशी छ । अप्रिल १०, २००९ को उप-निर्वाचनमा समेटिएका विशेष परिवर्तनहरू :

- उप-निर्वाचन गरिएका सबै छ वटै निर्वाचन क्षेत्रमा मतदाता सूची अद्यावधिक गर्नु
- मतदाता पहिचानका लागि मतदाता परिचयपत्रका रुपमा नागरिकता प्रमाणपत्र अनिवार्य रुपमा चाहिने प्रावधान लागू गर्नु
- विद्युतीय मतदान मेसिनको प्रयोगमा वृद्धि
- मतपत्रमा पार्टीको चिन्हको अतिरिक्त उमेदवारको नाम र सम्बन्धित पार्टीको नाम थप्नु

निर्वाचन आयोगले विद्युतीय मतदान मेसिनको बढ्दो प्रयोगलाई ध्यानमा राखेर यस सम्बन्धमा उप-निर्वाचनपूर्व व्यापक मतदाता शिक्षा र प्रशिक्षण प्रदान गर्‍यो । यसका अतिरिक्त, निर्वाचन आयोगले निर्वाचन आचार संहितालाई अधिक कडाइका साथ लागू गर्ने प्रयत्न गर्‍यो र निर्वाचनसम्बन्धी उद्देश्यका लागि राज्यका स्रोतसाधनहरूको दुरुपयोगलाई नियन्त्रण गर्‍यो । पर्यवेक्षणको सीमित स्वरुपका कारण सेन्टर यी प्रयत्नहरूको समग्र गुणस्तरप्रति टिप्पणी गर्न भने सक्दैन । यद्यपि, निर्वाचन अयोगका मतदाता शिक्षा प्रयत्नहरू विस्तृत रहेको र आचार संहिताको उल्लंघनमा ठूलो संख्यामा व्यक्तिहरू जिम्मेवार ठहराईएको सुन्नमा आएको थियो ।

**भविष्यकालागि सुझाव/सिफारिसहरू**

द कार्टर सेन्टर आम रुपले शान्तिपूर्ण र व्यवस्थित ढंगमा उप-निर्वाचन प्रक्रिया सफलतापूर्वक सम्पन्न गरेकोमा नेपाली जनता, निर्वाचन आयोग र राजनीतिक पार्टीहरूको सराहना गर्दछ । यसका अतिरिक्त सेन्टरले आमरुपले संविधानसभाको अप्रिल १०, २००८ मा सम्पन्न निर्वाचनको तुलनामा उप-निर्वाचन अधिक सुधारिएको सुरक्षा स्थितिका बीच सम्पन्न भएको पायो । कार्टर सेन्टरले सहकार्य र कदरको भावनाले, भविष्यका प्रमुख कदमहरूलाई सूचित गर्ने आशामा, निम्नलिखित सीमित पर्यवेक्षणहरू र सुझाव/सिफारिसहरू पेश गर्दछ ।

**१. नेपालमा विद्युतीय मतदान मेसिनको प्रयोग जारी रहेको वा बढिरहेको परिप्रेक्ष्यमा, निर्वाचनका दिन आइपर्ने सम्भाव्य प्राविधिक समस्या सम्बोधन गर्न लजिस्टिक र भैपरिआउने योजनाहरूमा बढी जोड दिइने सुनिश्चित गर्नुहोस् । यसका अतिरिक्त, मतदातालाई मतदान गरेको प्रमाण पुर्जी प्रदान गर्ने व्यवस्था सुनिश्चित गर्नुहोस् ।**

विद्युतीय मतदान मेसिनको प्रयोग व्यापक रुपले सफल रह्यो तर खासगरी कास्की र धनुषामा केही प्राविधिक समस्या (आमरुपले ब्याट्रीसम्बन्धी) सामना गर्नुपर्‍यो । यसले निर्वाचन आयोगलाई अर्को आम निर्वाचनमा योजनाबद्धरुपले विद्युतीय मतदान मेसिनको अझ व्यापक प्रयोगका लागि महत्वपूर्ण सिक्ने अवसर प्रदान गरेको छ । आम निर्वाचनका लागि आवश्यक लजिस्टिक र प्राविधिक योजना उल्लेख्य रुपले बृहत्तर हुनेहुँदा, निर्वाचन आयोगले ब्याट्री र मेसिन बिग्रने समस्या कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने सावधानीपूर्वक अध्ययन गर्नुपर्छ र भैपरी आउने योजनालाई बढावा दिनुपर्छ । यसका अतिरिक्त, सफल मतदाता शिक्षा प्रयत्नहरूलाई प्रभावकारी बनाइनुपर्छ र सबै मतदाताले विद्युतीय मतदान मेसिनको प्रक्रिया बुझून् र मेसिनको प्रयोग गर्न सजिलो मानून् भन्ने सुनिश्चित गर्न यस्ता प्रयत्नहरूलाई देशव्यापी बनाइनुपर्छ । अन्ततः, विद्युतीय मतदानको उत्कृष्ट अभ्यासका सम्बन्धमा कार्टर सेन्टरको आम मूल्यांकन के छ भने यो त्यस्तो प्रविधि हो जसले मतदातालाई मतदान गरेको प्रमाण पुर्जी प्रदान गर्दछ । यो प्रावधान अहिले प्रयुक्त प्रविधिद्वारा उपलब्ध हुन सकेन तर यो भविष्यका निर्वाचनमा निर्वाचन आयोगका लागि विचारणीय पक्ष हुनुपर्दछ ।

**२. मतदाताको अनिवार्य पहिचानका लागि मतदाता सूचीसँग दुरुस्त मिल्ने गरी राष्ट्रिय मतदाता परिचयपत्रको व्यवस्था गर्नुहोस्, हुन सकेमा हरेक मतदातालाई एउटा छुट्टै नम्बर दिएर नागरिकता प्रमाणपत्रको सफल प्रयोगलाई व्यवस्थित गर्नुहोस् ।**

कार्टर सेन्टरले मतदाताको पहिचान आवश्यक पर्ने प्रावधानलाई अनिवार्य बनाउने निर्वाचन आयोगको निर्णयको प्रशंसा गर्छ । यद्यपि, नागरिकता प्रमाणपत्र र मतदाता सूचीमा भएको नाममा देखिएको भिन्नताले केही अवस्थामा मतदाताहरूका लागि समस्या निम्त्यायो र समग्र निर्वाचन प्रक्रियालाई ढिलो बनायो । मतदाता सूचीको सच्चाइलाई सुधार्दै, परिचयपत्रका रुपमा प्रयोग गरिने वैध कागजातलाई विस्तार गर्दै, अथवा मतदाता सूची तयार गरिने एउटा राष्ट्रिय नागरिक दर्ता खाता निर्माण गरिएमा यी सवालहरू समाधान गर्न मदत पुग्न सक्छ । चालिएका कदमहरूका बाबजुद, निश्चय नै, सबै मतदाताहरूका लागि सहज रुपले पहिचान कागजातको प्राप्तिमा सहज पहुँच सुनिश्चित रहनुपर्ने आवश्यकता छ ।

**३. विद्युतीय मतदान मेसिनको गणना पद्धति प्रस्ट गर्नुहोस् र कर्मचारी र पार्टी प्रतिनिधिलाई सहज गणना प्रक्रिया सुनिश्चित गर्न प्रशिक्षण वृद्धि गर्नुहोस् ।**

समग्र गणना प्रक्रिया सहज रुपले अगाडि बढेको भए पनि, यसमा सुधार गर्न सकिने ठाउँ भने थिए । केही सवालहरू गणना कसरी अगाडि बढ्नुपर्छ भन्ने बारेमा प्रस्ट, एकरुपतायुक्त र विशिष्ट निर्देशनको अभावमा उत्पन्न भएका थिए जसले गर्दा सबै मतगणना केन्द्रहरूको प्रक्रिया फरक-फरक हुने स्थिति निम्त्यायो । यसका अतिरिक्त, सर्वसम्मतिबाट सहमति निर्माण भएका स्थानीय पद्धतिहरू कति अवस्थामा अप्रभावकारी भएका थिए र त्यसले गर्दा मतगणना प्रक्रियामा ढिलाइ भएको थियो । आगामी दिनमा, निर्वाचन आयोगले प्रस्ट, एकरुपतायुक्त मतगणना पद्धति सुनिश्चित गर्नुपर्छ, र निर्वाचनको दिनपूर्व नै कर्मचारी र पार्टी प्रतिनिधिहरूले यी पद्धतिहरू पूर्ण रुपले बुझ्ने सुनिश्चित गरिनुपर्छ ।

**४. केन्द्रीकृत जिल्ला केन्द्रहरूमा मत गणना गरिने चलनमाथि पुनर्विचार गर्नुहोस् ।**

सेन्टरको पहिलाको निर्वाचन प्रतिवेदन जस्तै, मतगणना केन्द्रीकृत रुपमा जिल्ला केन्द्रहरूमा गरिने चलनले गर्दा लजिस्टिकल र प्रशासनिक समस्या निम्त्याउँछ जसले गर्दा गणनामा ढिलाइ हुन पुग्छ । पहिला, यस्तो प्रणाली तर्कसंगत भएको पुष्टि विभिन्न क्षेत्रका मतपत्रहरू एकै ठाउँमा मिसाइने हुँदा यसले मतको गोप्यता कायम राख्न मदत पुग्छ भनेर गरिन्थ्यो । यद्यपि, विद्युतीय मतदान मेसिनको प्रयोगले अब सबै पार्टी प्रतिनिधिलाई कुन वडामा कुन पार्टीले जित्यो भन्ने रेकर्ड राख्न सम्भव भएको छ - यसरी केन्द्रीकृत मतगणनाको तर्कसंगतता अन्त्य भएको छ । उप-निर्वाचनको लगत्तै खास पार्टीले कुनै वडामा बदलाको भावनाजन्य क्रियाकलाप गरेको खण्डमा भने यस सन्दर्भमा विद्युतीय मतदान मेसिनको मत गणना प्रक्रियालाई पुनर्मूल्यांकन गरिनु आवश्यक हुन सक्छ ।

**५. निर्वाचनसम्बन्धी वातावरण सहज बनाउन शान्ति प्रक्रियाको अवधिमा गरिएका प्रतिबद्धताहरू लागू गर्नुहोस् ।**

बारम्बार गरिएका वाचाहरूका बाबजुद, शान्ति प्रक्रियाका चरणमा सबै पक्षले गरेका प्रतिबद्धताहरू तिनले पूर्णरुपमा लागू गरेका छैनन् । निर्वाचनहरूका लागि सहज वातावरण सुनिश्चित गर्न र सम्पूर्ण नागरिकहरू (घरबाट विस्थापित भएकाहरू समेत) तिनको मतदानको अधिकार उपभोग गर्न सक्षम होऊन् भनी पार्टी कार्यकर्ता र युवा समूहद्वारा हिंसा, डर, धम्कीको अन्त्य गर्ने लगायतका प्रतिबद्धताहरू लागू गर्न जग्गाजमिन फिर्ता र भूमिसुधार; द्वन्द्वपीडितहरूलाई क्षतिपूर्ति; सीमान्तीकृत समूहहरूको समावेशिता; र अन्य मुख्य सवालहरू पार्टीहरूले पुनर्नवीकृत प्रयत्नहरू गर्नुपर्छ ।

*गैरनाफामुखी, गैरसरकारी संस्था, द कार्टर सेन्टरले ७० भन्दा बढी राष्ट्रमा द्वन्द्व निरुपण; लोकतन्त्रको प्रबर्द्धन, मानवअधिकार, र आर्थिक अवसर बढाउँदै, रोगहरू रोकथाम गर्दै, मानसिक स्वास्थ्य हेरचाहलाई सुधार गर्दै; र किसानहरूलाई अन्न उत्पादन वृद्धि गर्ने उपाय सिकाउँदै आम मानिसको जीवनमा सुधार ल्याउन मदत गरिरहेको छ । द कार्टर सेन्टर सन् १९८२ मा अमेरिकी पूर्व राष्ट्रपति जिमी कार्टर र उनकी श्रीमती रोजलिनद्वारा एमोरी विश्वविद्यालयसँगको साझेदारीमा शान्ति र स्वाथ्यलाई विश्वव्यापी रुपमा विस्तार गर्ने उद्देश्यका साथ स्थापित गरिएको थियो ।*

*द कार्टर सेन्टरले निष्पक्ष, व्यावसायिक रुपले सान्दर्भिक नेपाली कानुन र अन्तर्राष्ट्रिय* निर्वाचन पर्यवेक्षणका सिद्धान्तको घोषणा*मा उल्लेख भएमुताबिक अन्तर्राष्ट्रिय मापदण्डअनुसार निर्वाचन पर्यवेक्षण गतिविधिहरू गर्दछ । सेन्टरले यसका विज्ञप्तिहरू यसको वेबसाइट* ***www.cartercenter.org****. मा प्रकाशित गर्छ ।*